# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि तथा पशु विकास महाशाखा

जनप्रियमार्ग, पोखरा, कास्की, गण्डकी प्रदेश सम्पर्क नं : ०६१-४५७८९४

इमेल : agriculture.pokharamun@gmail.com

वेबसाइट : www.pokharakrishi.gov.np

मोबाइल एप : Pokhara Krishi


पत्र संख्या : २०७९/०८०

चलानी नं :

मिति: २०७९।११।१२

**विषय : कृषि उत्पादन सामाग्री माग गर्नेको आवेदन छनौट सम्बन्धि सूचना**

पोखरा महानगरपालिका कृषि महाशाखाको आ.ब २०७९।८० को स्वीकृत कार्यकम अनुसार प्रकाशित सूचना अनुसार प्राप्त आवेदनको आधारमा यस महाशाखाको मिति २०७९।११।११ गतेको निर्णयअनुसार ५० प्रतिशत अनुदानमा कृषि उत्पादन सामाग्री बितरण कार्यक्रम अन्तर्गत तपशिल अनुसारका आवेदकलाइ तपशिल अनुसार कृषि उत्पादन सामाग्रीहरु ( प्लाष्टिक घरको लागि प्लाष्टिक, मल्चिंग प्लाष्टिक थोपा सेट, असिना छेक्ने जाली, स्प्रेयर, मौरी घार ) छनौट गरिएकोले तोकिएको मापदण्ड अनुसार यस महाशाखामा सूचिकृत संस्थाहरुबाट खरिद कार्य संचालन गर्ने गरी यो सूचना प्रकाशित मितिले १५ दिन भित्र सम्पर्क गर्नुहोला ।

### कृषि उत्पादन सामग्री को लागि पोखरा महानगरपालिकाले तोकेको मापदण्ड तथा अनुदान विवरण

| क्र.सं. | सामाग्रीको नाम | न्युनतम मापदण्ड | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | प्लाष्टिक | सेतो रंगको युभी सहन सक्ने प्लास्टिक कम्तिमा २०० माइक्रोंन ( ०.२ मिमि ) वा मल्टीलेयर युभी सहन सक्ने (सिल्पौलिन वा अन्य ब्राण्ड ) ९० देखि १२० जी एस एम को हुनुपर्ने, | ७ मिटर चौडाई र २० मिटर लम्बाई सम्मको लागि ५० % अनुदान र सो रकम सिलापौलिन को लागि प्रति बढीमा बर्ग मिटर रु ५० र यु भी प्लास्टिक को लागि रु ७५ का दरले उपलब्ध हुनेछ |
| २ | मल्चिङ्ग प्लाष्टिक | कम्तिमा ३० माइक्रोंन वा सो भन्दा बढी हुनुपर्ने<br>एक साइड कालो र अर्को साइड सिल्भर कलर भएको<br>प्लास्टिक को चौडाई कम्तिमा १ मिटर भएको र लम्बाई आवस्यकता अनुसार | मल्चिंग प्लास्टिकको लागि ५० % वा प्रति रोल बढीमा रु २४०० |
| ३ | स्प्रेयर | ब्याट्रीबाट चल्ने वा हात बाट चलाउन सकिने कम्तिमा १४ लिटरको | स्प्रेयर को लागि ५० % अनुदान |
| ४ | थोपा सेट | १ सेट थोपा भन्नाले १ प्लास्टिक घरको लागि उपयुक्त हुने कम्तिमा १०० मिटरको र सो को लागि कम्तिमा १०० लिटरको ड्रम सहित | प्रति सेट ५० % अनुदान र सो रकम बढीमा रु २००० |
| ५ | असिना छेक्ने जाली | यु भी सहन सक्ने, कम्तिमा ७० जी एस एम हुनुपर्ने<br>यो जाली सेतो वा क्रिम रंगको हुनुपर्ने<br>चौडाई कम्तिमा पनि ५ मिटर र लम्बाई आवश्यकता अनुसार | प्रति रोल ६ मिटर चौडाई र ५० मिटर लम्बाइको लागि ५० % अनुदान सो रकम बढीमा रु ११५०० |
| ६ | मौरी घार | न्युटन बि साइज, फ्रेम टुनी बाट बनेको, राम्रो फिनिसंग भएको | प्रति घार ५० % अनुदान र सो रकम बढीमा रु २००० |

महाशाखा प्रमुख